# जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेड

बबरमहल, काठमाडौं

प.सं. ज.वि. / /०७१।७२

च.नं. ४८३

मितिः-२०७१।०७।०२

## प्रेस विज्ञप्ती

यस जलविद्युत लगानी तथा विकास कम्पनी लिमिटेडको तेस्रो वार्षिक साधारण सभा मिति २०७१।०७।०२ गते आइतबारका दिन बबरमहल स्थित कम्पनीको सभा कक्षमा संचालक समितिका अध्यक्ष तथा उर्जा मन्त्रालयका सचिव श्री राजेन्द्र किशोर क्षेत्रीज्यूको अध्यक्षतामा सम्पन्न भयो । साधारण सभामा संचालक समितको तर्फबाट अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको कम्पनीको बार्षिक प्रतिवेदन तथा लेखापरिक्षकको प्रतिवेदन सहित २०७१ असाढ मसान्तको वासलात, आ.व. २०७०।७१ को नाफा नोक्सान र नगद प्रवाह सहितको वित्तीय विवरणहरु छलफल गरी पारित गरियो । साथै महालेखापरिक्षकको कार्यालयबाट प्राप्त परामर्श बमोजिम चार्टड एकाउन्टेन्ट श्री शैलेन्द्र उप्रेतीलाई आर्थिक वर्ष २०७१।७२ को लागि लेखापरिक्षकमा नियुक्त गर्न निर्णयसमेत गरेको छ । यसै वार्षिक साधारण सभाले संचालक समितिको सिफारिस बमोजिम चुक्ता पूँजिको ५ (पाँच) प्रतिशतका दरले नगद लाभांश वितरण गर्ने तथा संचालक समितिको सिफारिस बमोजिम कम्पनीको प्रवन्धपत्र तथा नियमावलीमा थप व्यवस्था एवं संशोधन गर्ने विशेष प्रस्ताव पारित गरेको छ ।

आफ्नो स्थापनाको छोटो समयमै कम्पनीले २३.५ मेघावाट देखि ८२ मेगावाट सम्मका ६ वटा जलविद्युत आयोजनाहरुमा लगानीको निर्णय गरिसकेको छ भने विश्व बैंकबाट नेपाल सरकारलाई ३७.६ मेगावाट क्षमताको कावेली-ए जलविद्युत आयोजनालाई प्राप्त हुने ४० मिलियन अमेरिकी डलर पनि यसै कम्पनीमार्फत प्रवाह हुने व्यवस्था गरिएको छ । साथै कम्पनी प्रर्वद्धकको रुपमा रहेको पावर ट्रान्समिसन कम्पनी लिमिटेडमा १४ प्रतिशत शेयर लगानी गरेको छ । कम्पनीमा ऋण लगानीका लागि थप प्रस्तावहरु प्राप्त भएका छन् भने कम्पनीले आफ्नै नेतृत्वमा जलविद्युत विकासका लागि थप कार्य अगाडी बढाएको छ ।

तेस्रो वार्षिक साधारण सभा शत प्रतिशत शेयरधनीहरुको उपस्थितिमा कम्पनीको कियाकलाप र छलफल तथा निर्णयका लागि प्राप्त प्रस्तावहरु उपर बृहत छलफल गरी सम्पन्न भएको तथा कम्पनी संचालनमा शेयरधनी महानुभावहरु लगायत सबै निकायहरुबाट प्राप्त सहयोगको लागि कम्पनीका संचालक समितिका अध्यक्ष श्री राजेन्द्र किशोर क्षेत्रीज्यूले सबैलाई धन्यवाद प्रदान गर्नु भयो ।

(मुक्तिबोध न्यौपाने)

नायवमहाप्रवन्धक (वित्त)

पोष्ट बक्स नं. १३३५२, फोन : ०१-४२५७०२४, ४२५७०२५ Email: info@hidcl.org.np, URL: www.hidcl.org.np